# आर्थिक वर्ष २०८२/८३ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

आर्थिक मामिला मन्त्रालय

धनगढी, कैलाली

२०८२ माघ

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५ (४) को व्यवस्था बमोजिम प्रकाशित

बजेट तथा कार्यक्रमको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रकाशकः

सुदूरपश्चिम प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

धनगढी, कैलाली

आर्थिक वर्षः २०८२/८३

©प्रतिलिपि अधिकार

सुदूरपश्चिम प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

धनगढी, कैलाली

प्रकाशन मितिः माघ, २०८२

Email: moea@sudurpashchim.gov.np

URL: https://moea.sudurpashchim.gov.np/

फोनः ०९१-४२०१०७

## मूल्याङ्कन प्रतिवेदनको सम्बन्धमा

यस अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनमा प्रदेश सरकार अन्तर्गतका मन्त्रालय र निकायहरूको वित्तीय अवस्था र वार्षिक कार्यक्रमहरूको कार्यान्वयन प्रगतिको विवरण समेटिएको छ। विषयगत मन्त्रालय तथा निकायहरूबाट प्राप्त तथ्याङ्क, प्रगति विवरण तथा सान्दर्भिक उपलव्धी र चुनौतिका साथै प्रदेश प्रदेश सरकारको बजेट सूचना प्रणाली र प्रदेश लेखा नियन्त्रक कार्यालयको खर्च व्यवस्थापन सूचना प्रणाली र राजस्व व्यवस्थापनदबाट संकलित आर्थिक तथ्याङ्कको आधारमा राजस्व र व्ययको विस्तृत विवरण तयार गरिएको हो।

यस प्रतिवेदनले चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा प्रदेश सरकारको बजेट कार्यान्वयनका क्रम भएको विनियोजन, स्रोतगत खर्च, प्रदेश सञ्चित कोषको स्थिति र स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरणका कार्यक्रमहरूको कार्यान्वयन अवस्था पनि समेटेको छ। यसले प्रदेश स्तरको बजेट कार्यान्वयन, आर्थिक स्रोत परिचालन र अन्तरसरकारी वित्तीय प्रवाहको समग्र चित्र स्पष्ट रूपमा प्रस्तुत गर्दछ।

आर्थिक मामिला मन्त्रालय

सुदूरपश्चिम प्रदेश

# विषयसूची


परिच्छेद -१ परिचय ....................................................................................................१

१.१. पृष्ठभूमि....................................................................................................१

१.२. नेपाल सरकारको बजेट र कार्यान्वयन अवस्था ....................................................१

१.३. नेपाल सरकारको समष्टिगत खर्च एवम् स्रोतको संशोधित अनुमान ..................२

१.४. अन्तरसरकारी वित्त हस्तान्तरण.......................................................................२

१.५. प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था ................................................................३

परिच्छेद-२ राजस्व तथा अनुदान प्राप्तिको विवरण .................................................... ४

२.१. राजस्व बाँडफाँटबाट प्राप्त आय ..................................................................... ४

२.२. संघ सरकारबाट प्राप्त अनुदान....................................................................... ४

२.३. प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्व.......................................... ५

२.४. अनुदान फिर्ता र नगद मौज्दात ..................................................................... ५

परिच्छेद-३ बजेट खर्चको विश्लेषण............................................................................७

३.१. वार्षिक बजेट विनियोजन र खर्चको विवरण..........................................................७

३.२. सार्वजनिक खर्च अपेक्षाकृत रूपमा बढ्न नसक्नुका कारणहरू..........................७

३.३. निकायगत खर्चको विवरण ........................................................................... ८

३.४. स्रोतगत खर्चको विवरण...............................................................................१०

३.५. विगत आर्थिक वर्षको खर्चको तुलनात्मक प्रवृत्ति.............................................११

३.६. कार्यगत खर्चको स्थिति................................................................................१२

३.७. प्राथमिकताका आधारमा खर्चको स्थिति ..........................................................१३

३.८. रणनीतिक स्तम्भहरूको आधारमा खर्चको स्थिति...............................................१४

३.९. दिगो विकास लक्ष्यको आधारमा खर्च स्थिति......................................................१४

३.१०. लैंगिक बजेट विनियोजन र खर्च स्थिति...........................................................१५

३.११. जलवायु बजेट विनियोजन र खर्च..................................................................१६

३.१२. खर्च शीर्षकगत अवस्था..............................................................................१६

परिच्छेद-४ स्रोत व्यवस्थापन विश्लेषण.....................................................................१८

४.१. स्रोत व्यवस्थापन ........................................................................................१८

४.२. प्रदेश सरकारको आन्तरिक राजस्व प्राप्तिको अवस्था............................................१८

४.३. प्रदेश सरकारको आन्तरिक राजस्व प्राप्तिको लक्ष्यगत प्रवृत्ति..............................१९

परिच्छेद-५ अन्तर सरकारी वित्तीय हस्तान्तरण .........................................................२०

५.१. प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण ..........................................२०

परिच्छेद-६ निकायगत प्रगति विवरण ...................................................................... २३

६.१. प्रदेश व्यवस्थापिका ................................................................................... २३

६.२. प्रदेश लोक सेवा आयोग..............................................................................२५

६.३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ २८
६.४. आर्थिक मामिला मन्त्रालय ........ ३१
६.५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ........ ३१
६.६. सामाजिक विकास मन्त्रालय ........ ३९
६.७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ........ ४७
६.८. आन्तरिक मामिला तथा कानून मन्त्रालय ........ ५१
६.९. भौतिक पूर्वाधार विकास मन्त्रालय ........ ५३
६.१०. प्रदेश नीति तथा योजना आयोग ........ ६०
परिच्छेद - ७ खर्च र स्रोत परिचालनको संशोधित अनुमान र आधार ........ ६२
७.१. खर्चको संशोधित अनुमान ........ ६२
७.२. स्रोतगत खर्च अनुमान ........ ६३
७.३. खर्चको प्राथमिकीकरण ........ ६४
परिच्छेद - ८ बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य ........ ६५
८.१. बजेट कार्यान्वयन ........ ६५
८.२. राजस्व व्यवस्थापनतर्फ ........ ६७
अनुसूची - १ ........ ६८
अनुसूची - २ ........ ७२

# परिच्छेद -१
# परिचय

## १.१. पृष्ठभूमि

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २५ मा "बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको चार महिनाभित्र राजस्व, खर्च र आयोजना तथा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त हुने अनुदान (समानिकरण, ससर्त, समपूरक र विशेष) का साथै वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था र अन्य आवश्यक विवरणहरू सार्वजनिक गर्नुपर्ने" व्यवस्था बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको पहिलो ६ महिना अवधिको समीक्षा गरिएको छ। प्रस्तुत समीक्षामा चालु अर्ध बार्षिक अवधिमा भएका प्रमुख कार्यक्रमको भौतिक र वित्तीय प्रगति, कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका चुनौतिहरू, आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू र खर्चको संशोधित अनुमान समेतको विवरण प्रस्तुत गरिएको छ। यसका साथै आर्थिक वर्षहरूको सोही अवधिको प्रगति विवरणसँग चालु आर्थिक वर्षको प्रगतिलाई तुलना समेत गरिएको छ। वित्तीय क्षेत्र विश्लेषण अन्तर्गत हाल प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका सहकारी क्षेत्र र प्रदेशका बैंक तथा वित्तीय क्षेत्रहरुबाट भएको बचत तथा ऋण परिचालानसँग सम्बन्धित विवरण समेत समावेश गरिएको छ।

## १.२. नेपाल सरकारको बजेट र कार्यान्वयन अवस्था

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहले आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण गरी पहिलो ६ महिनाको अवधिसम्म कार्यान्वयन गरिसकेका छन्।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को मध्यावधि मूल्याङ्कन अनुसार चालु आर्थिक वर्षमा रू. १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बजेट विनियोजन भएकोमा २०८२ पुस मसान्तसम्म रू. ६ खर्ब ९० अर्व २१ करोड खर्च भएको छ। यो कूल विनियोजनको ३५.१४ प्रतिशत हो र चालु आर्थिक वर्षको छ महिनासम्मको समग्र खर्च विगत वर्षको सोही अवधिको तुलनामा ३.३९ प्रतिशतले बढेको छ। समिक्षा अवधिमा कूल विनियोजनाको चालु (वित्तीय हस्तान्तरण समेत) तर्फ ४१.२५ प्रतिशत, पुँजीगत तर्फ १२.१२ प्रतिशत र वित्तीय व्यवस्था तर्फ ४०.९५ प्रतिशत खर्च भएको छ।

समीक्षा अवधिमा नेपाल सरकारको स्रोततर्फ रू. ६ खर्ब ५९ अर्ब २५ करोड ५९ लाख खर्च भएको छ। यो रकम गत आर्थिक वर्षको सोही अवधिको खर्चको तुलनामा ४.८७ प्रतिशतले बढी रहेको छ। वैदेशिक अनुदानतर्फ रू. ७ अर्ब २२ करोड ७५ लाख खर्च भएकोमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.८० प्रतिशतले बढी रहेको छ। यसैगरी, ऋणतर्फ २३ अर्ब ७३ करोड ४४ लाख खर्च भएको छ। यो रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २७.७५ प्रतिशतले कम रहेको छ।

समीक्षा अवधिमा रू. ७ खर्ब ११ अर्ब २० करोड ७८ लाख राजस्व प्राप्तिको अनुमान रहेकोमा यस अवधिमा विविध प्राप्ति समेत गरी जम्मा रू. ५ खर्ब ८१ अर्ब ४० करोड ७२ लाख संकलन भएको छ। यो रकम राजस्व प्राप्ति अर्धवार्षिक लक्ष्यको तुलनामा ८१.७५ प्रतिशत र गत आर्थिक वर्षको सोही अवधिसम्मको राजस्व सङ्कलन रू. ५ खर्ब ६७ अर्ब ३९ करोड ७३ लाखको तुलनामा करिव २.४७ प्रतिशतले अधिक रहेको छ।

चालु आर्थिक वर्षमा आन्तरिक ऋण परिचालनको आकार रु. ३ खर्ब ६२ अर्ब हुने अनुमान रहेकोमा समिक्षा अवधिसम्ममा रु. १ खर्ब ७७ अर्ब ६६ करोड ६९ लाख अर्थात लक्ष्यको ४९.०८ प्रतिशत भएको छ। यसैगरी सार्वजनिक ऋण भुक्तानी तर्फ रु. १ खर्ब ८७ अर्ब १२ करोड ६६ लाख अर्थात लक्ष्यको ४५.५३ प्रतिशत भुक्तानी भएको छ।

वैदेशिक सहायता प्राप्ति तर्फ चालु आर्थिक वर्षको लक्ष्य रु. २ खर्ब ८७ अर्ब ११ करोड विकास सहायता परिचालन गर्ने अनुमान रहेकोमा समिक्षा अवधिसम्ममा रु. ६१ अर्ब ७ करोड ३० लाख अर्थात २१.२७ प्रतिशत मात्र प्राप्त भएको छ।

वैदेशिक सहायता प्राप्तिको वार्षिक लक्ष्य रु. २ खर्ब ८७ अर्ब ११ करोड बराबरको विकास सहयता परिचालन गर्ने अनुमान रहेकोमा समितिक्षा अवधिसम्ममा रु. ६१ अर्ब ७ करोड ३० लाख अर्थात २१.२७ प्रतिशत मात्र प्राप्त भएको छ।

## १.३. नेपाल सरकारको समष्टिगत खर्च एवम् स्रोतको संशोधित अनुमान

चालु आर्थिक वर्षमा रू. १९ खर्ब ६४ अर्ब ११ करोड खर्च हुने अनुमान गरिएकोमा रू.१६ खर्ब ८८ अर्ब ३२ करोड ६७ लाख खर्च हुने संशोधित अनुमान छ। यो रकम शुरू विनियोजनको ८५.९६ प्रतिशत हो। चालु खर्च तर्फ रू. ११ खर्ब २५ अर्ब ९७ करोड ९४ लाख अर्थात विनियोजनको ९५.३४ प्रतिशत, पुँजीगत खर्च तर्फ रू. २ खर्ब ४३ अर्ब ३० करोड ३४ लाख अर्थात विनियोजनको ५९.६५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू. ३ खर्ब १९ अर्ब ४ करोड ३९ लाख अर्थात विनियोजनको ८५.०२ प्रतिशत खर्च हुने अनुमान छ। चालु वर्षको अन्त्यसम्ममा नेपाल सरकारको स्रोतवाट (राजस्व र आन्तरिक ऋण) रू. १५ खर्ब १५ अर्ब ३७ करोड १४ लाख, वैदेशिक अनुदानतर्फ रू. ३० अर्ब ९९ करोड ९८ लाख र वैदेशिक ऋणतर्फ रू. १ खर्ब ४१ अर्ब ९५ करोड ५५ लाख खर्च हुने संशोधित अनुमान रहेको छ।

## १.४. अन्तरसरकारी वित्त हस्तान्तरण

वित्तीय संघियता कार्यान्वयनको सिलसिलमा संविधन र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को निर्देशित गरेका क्षेत्रहरुमा स्रोतको न्यायोचित वितरण गर्न संघबाट प्रदेश र स्थानीय तहहरुमा र प्रदेशबाट स्थानीय तहहरुमा विभिन्न अनुदान हस्तातरण र राजस्व बाँडफाँड हुँदै आएको छ।

समीक्षा अवधिमा संघ सरकारबाट प्रदेशहरुलाई रू. ३८ अर्ब १८ करोड ७२ लाख र स्थानीय तहलाई रू. १ खर्ब ५२ अर्ब ४६ करोड ४ लाख वित्तीय हस्तान्तरण भएको छ। चालु आर्थिक वर्षमा विनियोजन भएको बजेटमध्ये समीक्षा अवधिमा प्रदेशतर्फ ३९.१४ प्रतिशत र स्थानीय तहमा ४७.६० प्रतिशत हस्तान्तरण भएको छ। समीक्षा अवधिमा प्रदेश र स्थानीय तहमा गरी कूल अनुदानको ४५.६२ प्रतिशत हस्तान्तरण भएको छ।

मूल्य अभिबृद्धि कर र अन्तः शुल्कबाट सङ्कलित राजस्वलाई १५/१५ प्रतिशतका दरले बाँडफाँड गर्ने कानुनी व्यवस्था रहेको छ। समीक्षा अवधिमा संघ सरकारबाट प्रदेश र स्थानीय तहहरुलाई रु. १ खर्ब ४३ अर्ब राजस्व बाँडफाँड गर्ने अनुमान रहेकोमा पुस मसान्तसम्म प्रदेश र स्थानीय तहलाई ३४

अर्ब ५७ करोड ७५ लाखका दरले कुल रु. ६९ अर्ब १५ करोड ५० लाख उपलव्ध गराएको छ। बाँडफाँट गरिएको रकम मध्ये रु. ५० अर्ब ३० करोड ५८ लाख मूल्य अभिबृद्धि करबाट र रु. १८ अर्ब ८४ करोड ९२ लाख अन्तःशुल्कबाट सङकलन भएको हो।

## १.५. प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था

नेपालको संविधानको भाग १६ (धारा २०३ देखि २१३) मा प्रदेश आर्थिक कार्यप्रणालीको व्यवस्था गरिएको छ। संविधानतः प्रदेश सरकारलाई कानूनबमोजिम प्रदेश भित्रको कर प्रणाली, ऋण व्यवस्थापन, सञ्चित कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, खर्च व्यवस्थापन, विभिन्न कोषहरूको सञ्चालन गर्ने लगायतको क्षेत्राधिकार रहेको छ। ती क्षेत्रहरूको विषयमा देहायमा छुट्टाछुट्टै उल्लेख गरिएको छ।

### १.५.१. प्रदेश सञ्चित कोष

चालु आर्थिक वर्षमा रू. ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजार कूल विनियोजन गरिएको र सो विनियोजनका लागि आन्तरिक राजस्वबाट रू. १ अर्ब ६५ करोड, संघीय सरकारबाट प्राप्त हुने अनुदानबाट रू. १४ अर्ब २० करोड ७२ लाख, बाँडफाँट भई प्राप्त हुने राजस्वबाट रू. ९ अर्ब ८७ करोड २५ लाख, रोयल्टीवापत प्राप्त हुने रू. ८ करोड र गत आर्थिक वर्षको नगद मौज्दातबाट रू. ७ अर्ब ६६ करोड ६३ लाख ४८ हजार स्रोत परिचालन गर्ने लक्ष्य राखिएको छ। समीक्षा अवधिमा प्रदेश सरकारको आन्तरिक राजस्व संकलनबाट रु. ५९ करोड ९ लाख ५८ हजार, संघीय सरकारबाट प्राप्त हुने अनुदानतर्फ रू. २ अर्ब ३६ करोड ४ लाख, राजस्व बाँडफाँटबाट रू. ४ अर्ब २२ करोड ४४ लाख ८५ हजार, संघबाट बाँडफाँट भई आउने रोयल्टीबाट रु. ३० लाख ९९ हजार र गत आर्थिक वर्षको नगद मौज्दात रू. ३ अर्ब ५४ करोड ३४ लाख ४२ हजार गरी जम्मा रू. १० अर्ब ७२ करोड २३ लाख ८४ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ।

यसैगरी, पहिलो अर्धवार्षिक अवधिमा रू. ३ अर्ब ६६ करोड २१ लाख ३ हजार खर्च भई प्रदेश सञ्चित कोषमा रू. ७ अर्ब ५ करोड ९२ लाख ८१ हजार मौज्दात रहेको छ।

### १.५.२. प्रदेश वित्तीय क्षेत्र व्यवस्थापन

नेपालको संविधानले प्रदेश सरकारको वित्तीय क्षेत्राधिकार अन्तर्गत नेपाल राष्ट्र बैंकको नीति अनुरुप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोगलाई राखेको छ। प्रदेश सरकारले ती क्षेत्रहरूमध्ये सहकारी क्षेत्रलाई मात्र आफ्नो कार्यक्षेत्र अन्तर्गत समेट्न सकेको छ।

# परिच्छेद-२
# राजस्व तथा अनुदान प्राप्तिको विवरण

## २.१. राजस्व बाँडफाँटबाट प्राप्त आय

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ को उपदफा (२) बमोजिम बाँडफाँट भइ प्राप्त भएको मूल्य अभिबृद्धि कर र अन्तः शुल्कको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १ बाँडफाड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्त शुल्क

| सि नं | शीर्षक | रकम रू हजारमा |
|---|---|---|
| १ | बाँडफाड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ३१३३४५९ |
| २ | बाँडफाँडभई प्राप्त हुने अन्त शुल्क | १०९१०२७ |
| | राजस्व बाँडफाँटबाट प्राप्त जम्मा आय | ४२२४४८५ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

यसैगरी, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ को उपदफा (२) बमोजिम बाँडफाँट भएको रकम उपदफा (३) बमोजिम प्रदेश सञ्चित कोषमा प्राप्त भएको वन रोयल्टीको विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिका २ रोयल्टी प्राप्ती

| सि नं | शीर्षक | रकम रू हजारमा |
|---|---|---|
| १ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३०९९.३४१ |
| | रोयल्टी तर्फ जम्मा | ३०९९.३४१ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

## २.२. संघ सरकारबाट प्राप्त अनुदान

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ बमोजिम प्रदेशको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकारबाट समानिकरण अनुदान वापत आर्थिक वर्षको पहिलो ६ महिनासम्ममा रू २ अर्ब २३ करोड १४ लाख प्राप्त भएको छ।

यसैगरी, प्रदेश सरकारले निश्चित उद्देश्यका लागि सञ्चालन गर्ने कार्यक्रमका लागि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११ बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा आर्थिक वर्षको पहिलो ६ महिनासम्ममा नेपाल सरकारबाट विशेष अनुदान वापत रू १२ करोड ९० लाख प्राप्त भएको छ।

तालिका ३ संघीय अनुदान प्राप्ति

| सि नं | शीर्षक | रकम रू हजारमा |
|---|---|---|
| १ | समानिकरण अनुदान | २२३१४०० |
| २ | विशेष अनुदान चालु | १२९००० |
| | अनुदान वाफतको जम्मा | २३६०४०० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

## २.३. प्रदेश सरकारको आन्तरिक स्रोतबाट संकलित राजस्व

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (२) बमोजिम प्रदेश सरकारले संकलन गर्नसक्ने कर तथा गैरकर वापत आर्थिक वर्षको पहिलो ६ महिनामा रू ५९ करोड ९ लाख ५७ हजार प्राप्त भएको छ।

तालिका ४ आन्तरिक स्रोत तर्फको प्राप्ति

| सि नं | शीर्षक | रकम रू हजारमा |
|---|---|---|
| १ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | २२२९८१.४० |
| २ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | १.४० |
| ३ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापनकर | ३४१.७० |
| ४ | बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर | ८३८०६.८६ |
| ५ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५१८.४० |
| ६ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १०७२.५७ |
| ७ | कृषिउत्पादनको विक्रीबाट प्राप्त रकम | ३१५४.२० |
| ८ | सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | ४७.४३ |
| ९ | अन्य विक्रीबाट प्राप्त रकम | १३२.०५ |
| १० | अन्य सेवा शुल्क तथा विक्री | ०.१० |
| ११ | शिक्षाक्षेत्रको आम्दानी | ५७.०० |
| १२ | परीक्षा शुल्क | ३०४.३० |
| १३ | यातायातक्षेत्रको आम्दानी | १६५१३.२९ |
| १४ | अन्य प्रशासनिक सेवा शुल्क | १५६९३.५७ |
| १५ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १९१८९.७८ |
| १६ | चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | १००९१९.८० |
| १७ | वन क्षेत्रको अन्य आय | ६१७४८.०२ |
| १८ | अन्य क्षेत्रको आय | ४०.४२ |
| १९ | प्रशासनिकदण्ड,जरिवाना र जफत | ४५०४.४८ |
| २० | धरौटी सदरस्याहा | ८.३९ |
| २१ | बीमादावी प्राप्ति | ३४३०७.४० |
| २२ | अन्यराजस्व | ४.४२ |
| २३ | बेरूजू | २५३३५.९४ |
| | प्रदेश सरकारको आन्तरिक आम्दानी | ५९०९५७.५० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

## २.४. अनुदान फिर्ता र नगद मौज्दात

सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा १३ मा स्थानीय तहमा भएको समपूरक अनुदानको वित्तीय हस्तान्तरण रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहन गएमा त्यस्तो रकम सम्बन्धित स्थानीय तहले अनुदान प्राप्त गरेको आर्थिक वर्षको विनियोजन ऐन बमोजिम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।

यसैगरी, सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा १३ मा स्थानीय तहमा भएको विषेश अनुदानको वित्तीय हस्तान्तरण रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै

खातामा बाँकी रहन गएमा त्यस्तो रकम सम्बन्धित स्थानीय तहले अनुदान प्राप्त गरेको आर्थिक वर्षको विनियोजन ऐन बमोजिम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।

सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहमा गरेको समपूरक र विशेष अनुदान हस्तान्तरण वापत बचत हुन गएको रू २ लाख ७४ हजार र आर्थिक वर्ष २०८१/८२ को बचत रकमवापत रू ३ अर्ब ५४ करोड ३४ लाख ४२ हजार चालु आर्थिक वर्षको पहिलो ६ महिनामा प्रदेश सञ्चित कोषमा दाखिला भएको छ।

तालिका ५ अनुदान फिर्ता र बचत

| सि नं | शीर्षक | रकम रू हजारमा |
|---|---|---|
| १ | अनुदान फिर्ता | २७४.५७ |
| २ | गत आर्थिक बर्षको वचत रकम रु | ३५४३४४२ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

# परिच्छेद-३
# बजेट खर्चको विश्लेषण

## ३.१. वार्षिक बजेट विनियोजन र खर्चको विवरण

चालु आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश सरकारबाट विनियोजन गरिएको कूल बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ।

तालिका ६ शीर्षकगत विनियोजन र पहिलो ६ महिनाको खर्चको अवस्था (रू. हजारमा)

| सि.नं | शीर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १३६३५८४२ | २६५४४५६ | १९.४७ |
| २ | पुँजीगत | १९८३०२०६ | १००७६४७ | ५.०८ |
| ३ | वित्तीय | १०००० | ० | ०.०० |
| जम्मा | जम्मा | ३३४७६०४८ | ३६६२१०३ | १०.९४ |

- ❖ चालु आर्थिक वर्ष २०८२/८३ मा विनियोजन भएको कूल रकम रू. ३३ अर्ब ४७ करोड ६० लाख ४८ हजार मध्ये पहिलो ६ महिनाको अवधिमा कुल रू. ३ अर्ब ६६ करोड २१ लाख ३ हजार अर्थात् कुल विनियोजनको १०.९४ प्रतिशत खर्च भएको छ, जुन गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा २१.८७ प्रतिशतले कम रहेको छ।
- ❖ चालु खर्च तर्फ रु. २ अर्ब ६५ करोड ४४ लाख ५६ हजार अर्थात् विनियोजनको १९.४७ प्रतिशत खर्च भएको देखिन्छ जुन गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा ५.७३ प्रतिशतले कम भएको देखिन्छ।
- ❖ पुँजीगत खर्च तर्फ १ अर्ब ७६ लाख ४७ हजार अर्थात् विनियोजनको ५.०८ प्रतिशत खर्च भएको छ जुन गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा ४६.१५ प्रतिशतले कम भएको देखिन्छ।
- ❖ आर्थिक वर्ष २०८२/८३ र आर्थिक बर्षको २०८१/८२ को प्रथम ६ महिनाको खर्चको सँग तुलना गर्दा चालु आर्थिक वर्षमा चालु तर्फ ५.७३ प्रतिशत र पुँजिगत तर्फ ४६.१५ प्रतिशत गरी जम्मा २१.८७ प्रतिशत न्यून खर्च भएको देखिन्छ।

तालिका ७ अर्धबार्षिक अवधिको खर्चको तुलना (रू. हजारमा)

| विवरण | २०८१/८२ | | २०८२/८३ | | प्रथम ६ महिनाको खर्चको तुलना (प्रतिशत) |
|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | विनियोजन | खर्च | |
| चालु | १२८५७४०५ | २८१५८५१ | १३६३५८४२ | २६५४४५६ | -५.७३ |
| पुँजीगत | १८७६२४२३ | १८७११५२ | १९८३०२०६ | १००७६४७ | -४६.१५ |
| वित्तीय व्यवस्था | १०००० | ० | १०००० | ० | ० |
| जम्मा | ३१६२९८२८ | ४६८७००३ | ३३४७६०४८ | ३६६२१०३ | -२१.८७ |

## ३.२. सार्वजनिक खर्च अपेक्षाकृत रूपमा बढ्न नसक्नुका कारणहरू

- ❖ २०८२ भाद्र २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा प्रदेश सरकारका सबै मन्त्रालय, प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत अन्य केही निकायहरुको भौतिक संरचना र सवारी साधनमा क्षति पुग्न गएको र कार्यक्रम कार्यान्वयनका लागि प्रकृया अघि बढी सकेका केही महत्वपूर्ण काजगात समेत जलेर नष्ट हुन गई कार्य सम्पादन प्रभावित भएको।
- ❖ आयोजनाको निर्माण गर्ने मोडालिटी, कूल लागत, विस्तृत आयोजना प्रतिवेदन र आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक तथा भौगर्भिक पश्नको वस्तुगत विश्लेषण एवम् मूल्याङ्कन

लगायतका पूर्व तयारी पूरा नगरी बजेट प्रस्ताव हुने गरेका कारण बजेट कार्यान्वयन कार्ययोजनाको परिपालना हुन नसकेको।

- ❖ स्रोत सुनिश्चित भएका आयोजनाहरूमा न्यून बजेट प्रस्ताव गर्ने।
- ❖ प्राप्त बजेट सीमाबाट नयाँ आयोजना प्रस्ताव गरी आयोजनाको संख्या बढाउँदै जाँदा सिर्जित दायित्व भुक्तानीमा समस्या आउनुका साथै अधुरा आयोजना बढ्न गइ समग्र खर्च व्यवस्थापन चुनौतिपूर्ण बन्दै गएको।
- ❖ विकास आयोजनाहरू कार्यान्वयन गर्ने निकायमा प्रमुख लगायतका कर्मचारीहरूको समयमा पदपूर्ति नहुने, छिटो छिटो सरुवा हुने, निर्माण सामग्रीको निर्वाध उपलब्धता नहुने र श्रमिक व्यवस्थापन सम्बन्धी कार्य समयमै हुन नसक्ने प्रवृत्ति कायमै रहेको।
- ❖ कतिपय निकायको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका, मापदण्ड लगायतका कानूनमा संशोधन वा नयाँ कानून तर्जुमा समयमै हुन नसकेका कारण अर्धवार्षिक अवधिसम्म पनि खर्चको आधार नै तय नहुने अवस्था रहेको।
- ❖ समपुरक अनुदानबाट सञ्चालित आयोजनामा प्रदेश सरकारको तर्फबाट व्यहोरिने समपुरक कोष (Counter-part fund) को रकम न्यून प्रस्ताव हुने गरेको।
- ❖ कतिपय नयाँ आयोजना तथा कार्यक्रमका लागि अवण्डामा राखेको रकम समयमा बाँडफाँट हुन नसक्दा आयोजना कार्यान्वयनमा ढिलाई हुने गरेको।
- ❖ प्रदेश विकास समस्या समाधान समिति र मन्त्रालयगत विकास समस्या समाधान समितिबाट पहिचान भएका समस्या समाधानका लागि प्रस्तावित सुझाव कार्यान्वयन हुन नसक्दा सोही समस्या दोहोरिने गरेको।

## ३.३. निकायगत खर्चको विवरण

चालु आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशका मन्त्रालय/निकायको लागि विनियोजन गरिएको बजेट र समीक्षा अवधिमा भएको खर्चको विवरण निम्न तालिकामा उल्लेख गरिएको छ।

तालिका ८ शुरु तथा यथार्थ विनियोजन र खर्चको अवस्था (रू. हजारमा)

| निकायगत विनियोजन | शुरु विनियोजन | थप/घट | यथार्थ विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| २०२ प्रदेश व्यवस्थापिका | | | | | |
| चालु | १८१९७४ | ८००१ | १७३९७३ | ५१५७४ | २८.३४ |
| पुँजीगत | १७५२७ | -३५७४ | २११०१ | ६७३४ | ३८.४२ |
| जम्मा | १९९५०१ | ४४२७ | १९५०७४ | ५८३०९ | २९.२३ |
| २१० प्रदेश लोक सेवा आयोग | | | | | |
| चालु | ११८१५० | ० | ११८१५० | ३०९२८ | २६.१८ |
| पुँजीगत | ५००० | ० | ५००० | ४२७ | ८.५४ |
| जम्मा | १२३१५० | ० | १२३१५० | ३१३५४ | २५.४६ |
| ३०१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | | | | |
| चालु | ३७३३४८ | ५९८६ | ३६७३६३ | ५४८११ | १४.६८ |
| पुँजीगत | ६३५६० | ० | ६३५६० | ३७८० | ५.९५ |
| जम्मा | ४३६९०८ | ५९८६ | ४३०९२३ | ५८५९१ | १३.४१ |
| ३०५ आर्थिक मामिला मन्त्रालय | | | | | |
| चालु | १८९४८२ | १३२५५ | १७६२२७ | ४०९५३ | २१.६१ |
| पुँजीगत | २४२४० | ० | २४२४० | ४५०९ | १८.६० |
| जम्मा | २१३७२२ | १३२५५ | २००४६७ | ४५४६२ | २१.२७ |
| ३०७ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | | | | | |

| निकायगत विनियोजन | शुरु विनियोजन | थप/घट | यथार्थ विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| चालु | १०४६२१७ | ११७७९ | १०३४४३८ | ३०९३५४ | २९.५७ |
| पुँजीगत | १२९८६७७ | ११८०० | १२८६८७७ | १६४२१ | १.२६ |
| जम्मा | २३४४८९४ | २३५७९ | २३२१३१५ | ३२५७७५ | १३.८९ |
| ३१२ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | | | | | |
| चालु | २९५६९५१ | २३५९७ | २९३३३५४ | २४५८१४ | ८.३१ |
| पुँजीगत | ३४४०४९ | -३०० | ३४४३४९ | १९४१६ | ५.६४ |
| जम्मा | ३३०१००० | २३२९७ | ३२७७७०३ | २६५२३० | ८.०३ |
| ३१४ आन्तरिक मामिला तथा कानून मन्त्रालय | | | | | |
| चालु | १५३००० | ९७५२ | १४३२४८ | १३२६९ | ८.६७ |
| पुँजीगत | २०७४४३ | ० | २०७४४३ | ६००७ | २.९० |
| जम्मा | ३६०४४३ | ९७५२ | ३५०६९१ | १९२७६ | ५.३५ |
| ३३७ भौतिक पूर्वाधार विकास मन्त्रालय | | | | | |
| चालु | ६१०८६४ | ६३०८ | ६०४५५६ | १८१२१७ | २९.६७ |
| पुँजीगत | १४७९२१५३ | ७४९६९ | १४७१७१८४ | ८४९८७२ | ५.७५ |
| जम्मा | १५४०३०१७ | ८१२७६ | १५३२१७४१ | १०३१०८९ | ६.६९ |
| ३५० सामाजिक विकास मन्त्रालय | | | | | |
| चालु | ४१४३९९९ | ० | ४१४३९९९ | १०७२८७८ | २५.८९ |
| पुँजीगत | २९२६४०७ | १५१०९ | २९११२९८ | ९९६३९ | ३.४० |
| जम्मा | ७०७०४०६ | १५१०९ | ७०५५२९७ | ११७२५१७ | १६.५८ |
| ३९१ प्रदेश योजना आयोग | | | | | |
| चालु | ७३५९१ | ० | ७३५९१ | ११०४९ | १५.०१ |
| पुँजीगत | ११५० | ० | ११५० | ८४२ | ७३.१८ |
| जम्मा | ७४७४१ | ० | ७४७४१ | ११८९१ | १५.९१ |
| ५०१ अर्थ - वित्तीय व्यवस्था | | | | | |
| वित्तीय | १०००० | ० | १०००० | ० | ०.०० |
| जम्मा | १०००० | ० | १०००० | ० | ०.०० |
| ६०२ अर्थ - विविध | | | | | |
| चालु | ३६०५६६ | -७७५१६ | ४३८०८२ | ० | ०.०० |
| पुँजीगत | १५०००० | -९९१६५ | २४९१६५ | ० | ०.०० |
| जम्मा | ५१०५६६ | -१७६६८१ | ६८७२४७ | ० | ०.०० |
| ८०१ स्थानीय तह | | | | | |
| चालु | ३४२७७०० | ० | ३४२७७०० | ६४२६०९ | १८.७५ |
| जम्मा | ३४२७७०० | ० | ३४२७७०० | ६४२६०९ | १८.७५ |
| जम्मा | | | | | |
| कूल चालु | १३६३५८४२ | ११६१ | १३६३४६८१ | २६५४४५६ | १९.४७ |
| कूल पुँजीगत | १९८३०२०६ | -११६१ | १९८३१३६७ | १००७६४७ | ५.०८ |
| कूल वित्तीय | १०००० | ० | १०००० | ० | ०.०० |
| कूल जम्मा | ३३४७६०४८ | ० | ३३४७६०४८ | ३६६२१०३ | १०.९४ |

ठूलो बजेट विनियोजन बजेट अनुदान संकेत मध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयको कुल ६.६९ प्रतिशत मात्र कुल खर्च रहेको छ। यसले प्रदेशको कुल खर्च क्षमतालाई प्रभाव पारेको देखिन्छ। यसैगरी सामाजिक विकास मन्त्रालयको १६.५८ प्रतिशत, स्थानीय तहको १८.७५ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको ८.०३ प्रतिशत र उद्योग, पर्यटन, वन तथा वातावरणको १३.८९ प्रतिशत मात्र रहेको छ।

कूल खर्च उच्च रहेका निकायहरुमा प्रदेश व्यवस्थापिका २९.२३ प्रतिशत, प्रदेश लोक सेवा आयोग २५.४६ प्रतिशत, आर्थिक मामिला मन्त्रालय २१.२७ प्रतिशत, स्थानीय तह १८.७५ प्रतिशत र सामाजिक विकास मन्त्रालय १६.५८ रहेको छ।

यसैगरी, कूल पूँजीगत खर्च उच्च रहेका निकायहरुमा सानो बजेट आकार भएको प्रदेश नीति तथा योजना आयोगको ७३.१८ प्रतिशत, प्रदेश व्यवस्थापिकाको ३८.४२ प्रतिशत, आर्थिक मामिला मन्त्रालयको १८.६० प्रतिशत, प्रदेश लोक सेवा आयोगको ८.५४ प्रतिशत र भौतिक पूर्वाधार विकासको ५.७५ प्रतिशत रहेको छ।

## ३.४. स्रोतगत खर्चको विवरण

चालु आर्थिक वर्षको कूल बजेट र पहिलो ६ महिनामा भएको खर्चको स्रोतगत विवरण निम्नानुसार देखाइएको छ।

तालिका ९ स्रोतगत विनियोजन र खर्चको तुलनात्मक अवस्था (रू हजारमा)

| बजेट प्रकार/ विनियोजन/खर्च | स्रोत | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | ससर्त | समपूरक | विशेष | |
| **चालु** | | | | | | |
| शुरु बजेट | १०९९६२६१ | ४०५९८१ | १८२८६०० | ० | ४०५००० | १३६३५८४२ |
| अन्तिम बजेट | १०९९५९६१ | ४०५९८१ | १८२८६०० | ० | ४०५००० | १३६३५५४२ |
| निकासा/खर्च | २२४२३८४ | ५८६४१ | ३५३४३० | ० | ० | २६५४४५५ |
| खर्च प्रतिशत | २०.३९ | १४.४४ | १९.३३ | | ०.०० | १९.४७ |
| **पूँजीगत** | | | | | | |
| शुरु बजेट | ८२६२५८७ | ८५१९६१९ | २३३४४०० | ६०२६०० | १११००० | १९८३०२०६ |
| अन्तिम बजेट | ८२६२८८७ | ८५१९६१९ | २३३४४०० | ६०२६०० | १११००० | १९८३०५०६ |
| निकासा /खर्च | २८१७११ | ६५५६९० | ६८७०९ | ३९१ | ११४६ | १००७६४७ |
| खर्च प्रतिशत | ३.४१ | ७.७० | २.९४ | ०.०६ | १.०३ | ५.०८ |
| **वित्तीय व्यवस्था** | | | | | | |
| शुरु बजेट | १०००० | ० | ० | ० | ० | १०००० |
| अन्तिम बजेट | १०००० | ० | ० | ० | ० | १०००० |
| निकासा /खर्च | ० | ० | ० | ० | ० | ० |
| खर्च प्रतिशत | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | | | | | | |
| शुरू विनियोजन | १९२६८८४८ | ८९२५६०० | ४१६३००० | ६०२६०० | ५१६००० | ३३४७६०४८ |
| अन्तिम बजेट | १९२६८८४८ | ८९२५६०० | ४१६३००० | ६०२६०० | ५१६००० | ३३४७६०४८ |
| निकासा /खर्च | २५२४०९४ | ७१४३३१ | ४२२१४० | ३९१ | ११४६ | ३६६२१०२ |
| खर्च प्रतिशत | **१३.१०** | **८.००** | **१०.१४** | **०.०६** | **०.२२** | **१०.९४** |

चालु आर्थिक वर्षको बजेटमा प्रदेश सरकारको स्रोततर्फ रू. १९ अर्ब २६ करोड ८८ लाख ४८ हजार, वित्तीय समानीकरण अनुदानतर्फ रू. ८ अर्ब ९२ करोड ५६ लाख, ससर्त अनुदानतर्फ रू. ४ अर्ब १६ करोड ३० लाख, समपूरक अनुदानतर्फ रू. ६० करोड २६ लाख र विशेष अनुदानतर्फ रू. ५१ करोड ६० लाख विनियोजन भएकोमा समीक्षा अवधिमा प्रदेश सरकारको स्रोततर्फ रु. २ अर्ब ५२ करोड ४० लाख ९४ हजार अर्थात् विनियोजनको १३.१० प्रतिशत, वित्तीय समानीकरणतर्फ रु. ७१ करोड ४३ लाख ३१ हजार अर्थात् विनियोजनको ८ प्रतिशत, ससर्त अनुदानतर्फ रु. ४२ करोड २१ लाख ४०

हजार अर्थात् विनियोजनको १०.१४ प्रतिशत, समपूरक अनुदानतर्फ रु. ३ लाख ९१ हजार अर्थात् विनियोजनको ०.०६ प्रतिशत र विशेष अनुदानतर्फ रु. ११ लाख ४६ हजार अर्थात् विनियोजनको ०.२२ प्रतिशत गरी जम्मा रु. ३ अर्ब ६६ करोड २१ लाख २ हजार अर्थात् कूल विनियोजनको १०.९४ प्रतिशत खर्च भएको छ।

## ३.५. विगत आर्थिक वर्षको खर्चको तुलनात्मक प्रवृत्ति

विगत ५ आर्थिक वर्षको कूल विनियोजित बजेट र चालु आर्थिक वर्षको पुस मसान्तसम्मको खर्चको तुलनात्मक विवरण देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिका १० विगत ६ आर्थिक वर्षहरु र चालु आर्थिक वर्षको पुस मसान्तसम्मको कूल विनियोजित बजेट र खर्चको अवस्था (रू. हजारमा)

| आर्थिक बर्ष | प्रकार | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २०७५/७६ | चालु | १३३५०८०० | १०४१५३८ | ७.८०% |
| | पुँजीगत | ११७१४८१४ | १५६४८५ | १.३४% |
| **जम्मा** | | **२५०६५६१४** | **११९८०२३** | **४.७८%** |
| २०७६/७७ | चालु | १४६९४८३६ | १५२२९८२ | १०.३६% |
| | पुँजीगत | १३०६७१९९ | १३४५२९३ | १०.३०% |
| | वित्तीय व्यवस्था | ४००००० | ० | ०.००% |
| **जम्मा** | | **२८१६२०३५** | **२८६८२७५** | **१०.१८%** |
| २०७७/७८ | चालु | १६३२२८६० | २२९२५७४ | १४.०५% |
| | पुँजीगत | १६७५८४८८ | १९८५८१९ | ११.८५% |
| | वित्तीय व्यवस्था | ३००००० | ० | ०.००% |
| **जम्मा** | | **३३३८१३४८** | **४२७८३९३** | **१२.८२%** |
| २०७८/७९ | चालु | १२३८५४०३ | २५००१६१ | २०.१९% |
| | पुँजीगत | १७६५४०५२ | १५७२०७२ | ८.९०% |
| | वित्तीय व्यवस्था | ३००००० | ० | ०.००% |
| **जम्मा** | | **३०३३९४५५** | **४०७२२३३** | **१३.४२%** |
| २०७९/८० | चालु | १२३०१७०४ | २६०८६५१ | २१.२१% |
| | पुँजीगत | २४१४४७६१ | २६३८६६८ | १०.९३% |
| | वित्तीय व्यवस्था | ३००००० | ० | ०.००% |
| **जम्मा** | | **३६७४६४६५** | **५२४७३१९** | **१४.२८%** |
| २०८०/८१ | चालु | ११९४३५७२ | २५६४६१६ | २१.४७% |
| | पुँजीगत | १७०२२३६० | २०४७००५ | १२.०३% |
| | वित्तीय व्यवस्था | ३००००० | ० | ०.००% |
| **जम्मा** | | **२९२६५९३२** | **४६११६२१** | **१५.७६%** |
| २०८१/८२ | चालु | १२८५७४०५ | २८१५८५१ | २१.९०% |
| | पुँजीगत | १८७६२४२३ | १८७११५२ | ९.९७% |
| | वित्तीय व्यवस्था | १०००० | ० | ०.००% |
| **जम्मा** | | **३१६२९८२८** | **४६८७००३** | **१४.८२%** |

| आर्थिक बर्ष | प्रकार | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २०८२/८३ | चालु | १३६३५८४२ | २६५४४५६ | १९.४७% |
| | पुँजीगत | १९८३०२०६ | १००७६४७ | ५.०८% |
| | वित्तीय व्यवस्था | १०००० | ० | ०.००% |
| **जम्मा** | | **३३४७६०४८** | **३६६२१०३** | **१०.९४%** |

माथि ७ आर्थिक बर्षको तथ्याङ्क अनुरुप आर्थिक बर्षको पहिलो ६ महिनामा प्रदेशको पूँजीगत खर्च क्षमता र कूल खर्च क्षमता न्यून रहेको देखिन्छ। आर्थिक वर्ष २०८०/८१ मा सबै भन्दा बढी १५.५६ प्रतिशत कुल खर्च भएको देखिन्छ भने सबै भन्दा कम २०७५/७६ मा ४.७८ प्रतिशत मात्र खर्च भएको देखिन्छ भने पूँजीगत खर्च समेत आर्थिक वर्ष २०८०/८१ मा सबै भन्दा बढी १२.०३ प्रतिशत भएको देखिन्छ भने सबै भन्दा कम २०७५/७६ मा १.३४ प्रतिशत भएको देखिन्छ। पूँजीगत खर्च गत आर्थिक बर्षको तुलनामा ४.८९ प्रतिशत बिन्दुले कम भएको देखिन्छ।

यसैगरी, चालु खर्च समेत आर्थिक वर्ष २०८१/८२ मा सबै भन्दा बढी २१.९० प्रतिशत भएको देखिन्छ भने सबै भन्दा कम २०७५/७६ मा ७.८ प्रतिशत भएको देखिन्छ। चालु खर्च गत आर्थिक बर्षको तुलनामा २.४३ प्रतिशत बिन्दुले कम भएको देखिन्छ।

## ३.६. कार्यगत खर्चको स्थिति

चालु आर्थिक वर्षमा विनियोजन गरिएको रकमलाई कार्यगत शीर्षकमा वर्गीकरण गरी हेर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका ११ कार्यगत शीर्षक अनुसार कुल विनियोजन र अर्धवार्षिक अवधिको खर्चको तुलना (रू. हजारमा)

| कार्यगत खर्च बर्गीकरण | विनियोजन | विनियोजन अनुपात | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **१ सामान्य सार्वजनिक सेवा** | **५२६३६६६** | **१५.७२%** | **८०२९९६** | **१५.२६%** |
| १.१ कार्यकारी र विधायिकाको निकाय,आर्थिक तथा वित्तिय र वैदेशिक मामिला | ५०६४५१ | १.५१% | ११८३८७ | २३.३८% |
| १.२ बाह्य आर्थिक सहायता | १३९१९२ | ०.४२% | १९५ | ०.१४% |
| १.३ सामान्य सेवा | ९२६६२३ | २.७७% | १३९२० | १.५०% |
| १.४ आधारभूत अनुसन्धान | १०००० | ०.०३% | ० | ०.००% |
| १.५ सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास | २५३१०० | ०.७६% | २७६१८ | १०.९१% |
| १.६ सामान्य सेवा - अन्यत्र वर्गीकृत नभएको | ६०० | ०.००% | २६७ | ४४.५१% |
| १.८ विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ३४२७७०० | १०.२४% | ६४२६०९ | १८.७५% |
| **३ सार्वजनिक शान्ति सुरक्षा** | **३६०४४३** | **१.०८%** | **१९२७६** | **५.३५%** |
| ३.५ सार्वजनिक शान्ति सुरक्षामा अनुसन्धान तथा विकास | ३६०४४३ | १.०८% | १९२७६ | ५.३५% |
| **४ आर्थिक मामिला** | **१७४६८९५८** | **५२.१८%** | **१५३८७८७** | **८.८१%** |
| ४.१ सामान्य आर्थिक, व्यापारिक र श्रम मामिला | १०००० | ०.०३% | ० | ०.००% |
| ४.२ कृषि, वन , मत्स्यपालन तथा शिकार | ८३४१६४२ | २४.९२% | ६३४८४७ | ७.६१% |
| ४.४ खानी , उत्पादन तथा निर्माण | २३५५०० | ०.७०% | १४६८८ | ६.२४% |
| ४.५ यातायात | ७८५९६१९ | २३.४८% | ७६९८०६ | ९.७९% |
| ४.७ अन्य उद्योगहरु | ८०८४७५ | २.४२% | ७३९८३ | ९.१५% |
| ४.८ अनुसन्धान तथा विकास - आर्थिक मामिला | २१३७२२ | ०.६४% | ४५४६२ | २१.२७% |
| **५ वातावरण संरक्षण** | **४३०००** | **०.१३%** | **३५५** | **०.८३%** |
| ५.६ वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | ४३००० | ०.१३% | ३५५ | ०.८३% |

| कार्यगत खर्च बर्गीकरण | विनियोजन | विनियोजन अनुपात | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **६ आवास तथा सामुदायिक सुविधा** | **३२७३५७५** | **९.७८%** | **१२८२१९** | **३.९२%** |
| ६.१ आवास विकास | १३६२७५९ | ४.०७% | ५११५० | ३.७५% |
| ६.३ खानेपानी | १९१०८१६ | ५.७१% | ७७०६९ | ४.०३% |
| **७ स्वास्थ्य** | **२८२४६५७** | **८.४४%** | **७९५८३०** | **२८.१७%** |
| ७.१ औषधी उत्पादन,उपकरण तथा औजार | २८२०० | ०.०८% | ७२५१ | २५.७१% |
| ७.२ वहिरंङ्ग सेवा | १०२४०० | ०.३१% | १३७७१ | १३.४५% |
| ७.३ अस्पताल सेवा | ४४२००० | १.३२% | ११९१८९ | २६.९७% |
| ७.४ सार्वजनिक स्वास्थ्य सेवा | २०७०८५७ | ६.१९% | ५९१८२४ | २८.५८% |
| ७.५ स्वास्थ्यमा अनुसन्धान सेवा | १८१२०० | ०.५४% | ६३७९५ | ३५.२१% |
| **९ शिक्षा** | **४२२४०४९** | **१२.६२%** | **३७५८१९** | **८.९०%** |
| ९.५ तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ५५०१०० | १.६४% | ९९६३५ | १८.११% |
| ९.६ शिक्षाको लागि सहायक सेवाहरु | ३५८३३३९ | १०.७०% | २५५०९२ | ७.१२% |
| ९.७ शिक्षा - अनुसन्धान विकास | ९०६१० | ०.२७% | २१०९२ | २३.२८% |
| **१० सामाजिक सुरक्षा** | **१७७००** | **०.०५%** | **८१९** | **४.६३%** |
| १०.५ बेरोजगार | १४२०० | ०.०४% | ८१९ | ५.७७% |
| १०.७ सामाजिक असमावेशी | ३५०० | ०.०१% | ० | ०.००% |
| **कुल जम्मा** | **३३४७६०४८** | **१००.००%** | **३६६२१०२** | **१०.९४%** |

कार्यक्षेत्रगत रुपमा हेर्दा विकासमुखी क्षेत्रमा खर्च अपेक्षाकृत कम रहेको देखिन्छ। कुल बजेटको ५२.१८ प्रतिशत रहेको आर्थिक मामिला क्षेत्रको खर्च ८.८१ प्रतिशत मात्र रहेको हुँदा समग्र वित्तीय प्रगति प्रभावित भएको छ। स्वास्थ्य क्षेत्र सबैभन्दा प्रभावकारी रूपमा कार्यान्वयन भएको क्षेत्र देखिन्छ, जहाँ सार्वजनिक स्वास्थ्य, अस्पताल सेवा तथा स्वास्थ्य अनुसन्धानमा उल्लेखनीय प्रगति भएको छ। आवास, खानेपानी, वातावरण संरक्षण तथा सामाजिक सुरक्षा जस्ता नागरिकको जीवनस्तरसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रमा खर्च तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ।

## ३.७. प्राथमिकताका आधारमा खर्चको स्थिति

चालु आर्थिक वर्षमा विनियोजन भएको रकमलाई प्राथमिकताका आधारमा वर्गीकरण गर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका १२ प्राथमिकताका आधारमा कुल विनियोजन र अर्धवार्षिक अवधिको खर्चको तुलना (रू. हजारमा)

| प्राथमिकता | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल जम्मा |
|---|---|---|---|---|
| **बजेट** | **१३६३५८४२** | **१९८३०२०६** | **१००००** | **३३४७६०४८** |
| पहिलो प्राथमिकता (P1) | १३१५२७४२ | १८४२२९०६ | १०००० | ३१५८५६४८ |
| दोस्रो प्राथमिकता (P2) | ४८३१०० | १४०७३०० | ० | १८९०४०० |
| **खर्च** | **२६५४४५५** | **१००७६४७** | **०** | **३६६२१०२** |
| पहिलो प्राथमिकता (P1) | २५३२९७७ | ९४१३१२ | ० | ३४७४२८९ |
| दोस्रो प्राथमिकता (P2) | १२१४७८ | ६६३३५ | ० | १८७८१३ |
| **विनियोजन अनुपात** | | | | |
| **बजेट** | **१००.००%** | **१००.००%** | **१००.००%** | **१००.००%** |
| पहिलो प्राथमिकता (P1) | ९६.४६% | ९२.९०% | १००.००% | ९४.३५% |
| दोस्रो प्राथमिकता (P2) | ३.५४% | ७.१०% | ०.०० | ५.६५% |
| **खर्च प्रतिशत** | | | | |
| **खर्च** | **१९.४७%** | **५.०८%** | **०.००** | **१०.९४%** |
| पहिलो प्राथमिकता (P1) | १९.२६% | ५.११% | ०.०० | ११.००% |

| प्राथमिकता | चालु | पूँजीगत | वित्तीय व्यवस्था | कुल जम्मा |
|---|---|---|---|---|
| दोस्रो प्राथमिकता (P2) | २५.१५% | ४.७१% | ०.०० | ९.९४% |

कूल विनियोजनको ९४.३५ प्रतिशत पहिलो प्राथमिकता तर्फ विनियोजन भएको देखिन्छ भने समिक्षा अवधिमा कुल विनियोजनको ११ प्रतिशत खर्च भएको देखिन्छ। कुल विनियोजनको ५.६५ प्रतिशत दोस्रो प्राथमिकता प्राप्त आयोजना तथा क्रियाकलाप तर्फ विनियोजन भएकोमा समिक्षा अवधिमा विनियोजनको ९.९४ प्रतिशत मात्र खर्च भएको देखिन्च। समिक्षा अवधिमा पूँजीगत तर्फ पहिलो प्राथतकताका आयोजना तथा कार्यक्रमहरु तर्फ ५.११ प्रतिशत र दोस्रो प्राथमिकता तर्फ ४.७१ प्रतिशत खर्च भएको देखिन्छ।

## ३.८. रणनीतिक स्तम्भहरूको आधारमा खर्चको स्थिति

चालु आर्थिक वर्षमा विनियोजन भएको रकमलाई रणनीतिक स्तम्भका आधारमा वर्गीकरण गर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका १३ रणनीतिक स्तम्भका आधारमा भएको विनियोजन र खर्चको अवस्था (रू. हजारमा)

| रणनीतिक संकेत | विवरण | विनियोजन | विनियोजन अनुपात | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक बृद्धि | १०९६९२४१ | ३२.७७ | १०९३०१३ | ९.९६ |
| २ | स्वास्थ्य तथा शिक्षा | ९५२२१३९ | २८.४४ | १०८२७०५ | ११.३७ |
| ३ | अन्तरआबद्धता र शहरी विकास | ५२८६७५ | १.५८ | ७१६०२ | १३.५४ |
| ४ | उत्पादन र उत्पादकत्व अभिबृद्धि | २६०९१८६ | ७.७९ | १६५४४८ | ६.३४ |
| ५ | सामाजिक सुरक्षा तथा संरक्षण | ७३९६१५५ | २२.०९ | १०६९७१८ | १४.४६ |
| ७ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | ७३३०४३ | २.१९ | ३८४१९ | ५.२४ |
| ८ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | ३६४९०८ | १.०९ | ४३९१० | १२.०३ |
| ९ | साधारण प्रशासन | १३५२७०१ | ४.०४ | ९७२८६ | ७.१९ |
| जम्मा | | ३३४७६०४८ | १००.०० | ३६६२१०२ | १०.९४ |

स्तम्भका आधारमा आर्थिक वर्ष २०८२/८३ को विनियोजनमा सबै भन्दा आर्थिक बृद्धि तर्फ ३२.७७ प्रतिशत विनियोजन भएको देखिन्छ, स्वास्थ्य तथा शिक्षामा तर्फ २८.४४ प्रतिशत र सामाजिक सुरक्षा तथा संरक्षण तर्फ २२.०९ प्रतिशत विनियोजन भएको देखिन्छ। समिक्षा अवधिमा सामाजिक सुरक्षा तथा संरक्षण, अन्तरआबद्धता र शहरी विकास, प्राकृतिक स्रोत तथा उत्थानशीलता र स्वास्थ्य तथा शिक्षा क्षेत्रहरुमा दोहोरो अङ्कको बृद्धि देखिएता पनि कुल खर्च १०.९४ प्रतिशतमा सीमित भएको देखिन्छ।

## ३.९. दिगो विकास लक्ष्यको आधारमा खर्च स्थिति

चालु आर्थिक वर्षमा विनियोजन भएको कूल रकमलाई दिगो विकास लक्ष्य प्राप्तिका लागि गरिएको विनियोजनका आधारमा हेर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका १४ दिगो विकास लक्ष्य प्राप्तिका लागि भएको विनियोजनका खर्चको अवस्था (रू. हजारमा)

| | दिगो विकास लक्ष्य | विनियोजन | विनियोजन अनुपात | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ० | सांकेतीकरण नगरिएको | ६७१८७७५ | २०.०७ | ९६६५०० | १४.३९ |
| १ | गरिबीको अन्त्य | २०८४४२३ | ६.२३ | १४६५२८ | ७.०३ |
| २ | शून्य भोकमरी | ११६७१५४ | ३.४९ | ७७७२७ | ६.६६ |

| | दिगो विकास लक्ष्य | विनियोजन | विनियोजन अनुपात | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३ | स्वस्थ जीवन | २७०७१४६ | ८.०९ | ७७०५१५ | २८.४६ |
| ४ | गुणस्तरीय शिक्षा | २४४०७४८ | ७.२९ | १३६९५२ | ५.६१ |
| ५ | लैङ्गिक समानता | १३३९३०१ | ४.०० | १४०५२० | १०.४९ |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | २४७२६८५ | ७.३९ | ८३९३९ | ३.३९ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ८००३२७५ | २३.९१ | ९७५७९१ | १२.१९ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | २३८२६१ | ०.७१ | ५८७४७ | २४.६६ |
| १० | असमानता न्यूनीकरण | ४२२५३८ | १.२६ | २९३६१ | ६.९५ |
| ११ | दिगो शहर र वस्तीहरू | १३२२७५९ | ३.९५ | ५०७२२ | ३.८३ |
| १२ | दिगो उपभोग तथा उत्पादन | २७६४६ | ०.०८ | ६९६६ | २५.२० |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ३५८५४९१ | १०.७१ | ९८७६७ | २.७५ |
| १५ | भूसतह स्रोतको उपयोग | २६४५९६ | ०.७९ | ४७२०४ | १७.८४ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ३६०४४३ | १.०८ | १९२७६ | ५.३५ |
| १७ | दिगो विकासका लागि साझेदारी | ३२०८०७ | ०.९६ | ५२५८८ | १६.३९ |

आर्थिक वर्ष २०८२/८३ को कुल बजेटको २०.०७ प्रतिशत अझै पनि दिगो विकास लक्ष्यसँग सांकेतीकरण नगरिएका शीर्षकहरुमा रहेको छ। यसले प्रदेशको बजेट प्रणाली पूर्णरुप SDG मा आधारित भई नसकेको र थप सुदृढ बनाउनुपर्ने आवश्यकता तर्फ संकेत गरेको छ। SDG 8 समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम तर्फ कुल विनियोजनको २३.९१ प्रतिशत हिस्सा रहेको छ। यसैगरी, SDG 13 जलवायु परिवर्तन अनुकूलन तर्फ १०.७१ प्रतिशत, SDG 3 स्वस्थ जीवन तर्फ ८.०९ प्रतिशत, SDG 6 सफा पानी तथा सरसफाइ तर्फ ७.३९ प्रतिशत, तथा SDG 4 गुणस्तरीय शिक्षा तर्फ ७.२९ प्रतिशत विनियोजन गरिएको छ।

सबै भन्दा राम्रो कार्यान्वयन भएको प्रमुख लक्ष्यको रुपमा रहेको SDG ३ स्वस्थ जीवन तर्फ रु. २ अर्ब ७० लाख विनियोजनमध्ये ७७ लाख खर्च भई २८.४६ प्रतिशत खर्च भएको छ, जुन सबैभन्दा राम्रो कार्यान्वयन भएको प्रमुख लक्ष्य हो। SDG ९ र SDG १२ मा खर्च प्रतिशत उच्च देखिए पनि यी शीर्षकहरूको कुल बजेट अपेक्षाकृत सानो भएकाले समग्र बजेट कार्यान्वयनमा यसको प्रभाव सीमित रहेको देखिन्छ।

## ३.१०. लैंगिक बजेट विनियोजन र खर्च स्थिति

चालु आर्थिक वर्षको लैंगिक उत्तरदायी बजेट विनियोजन र समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका १५ लैंगिक उत्तरदायी बजेट तर्फ भएको विनियोजनका खर्चको अवस्था (रू. हजारमा)

| लैंगिक संकेत | लैंगिक उत्तरदायी बजेट | विनियोजन | विनियोजन अनुपात | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | २०००५७९३ | ५९.७६ | २३३७०५८ | ११.६८ |
| २ | अप्रत्यक्ष लाभ | १२६७१४९६ | ३७.८५ | ११८९९०० | ९.३९ |
| ३ | तटस्थ | ७९८७५९ | २.३९ | १३५१४४.८ | १६.९२ |
| जम्मा | | ३३४७६०४८ | १००.०० | ३६६२१०२ | १०.९४ |

आर्थिक वर्ष २०८२/८३ को कुल बजेटको ५९.७६ प्रतिशत प्रत्यक्ष लाभ, ३७.८५ प्रतिशत अप्रत्यक्ष लाभ र २.३९ प्रतिशत तटस्थ तर्फ विनियोजित भएको छ भने खर्च प्रत्यक्ष लाभ तर्फ ११.६८ प्रतिशत, अप्रत्यक्ष लाभ तर्फ ९.३९ प्रतिसत र  तटस्थ तर्फ २.३९ प्रतिशत भएको छ।

## ३.११. जलवायु बजेट विनियोजन र खर्च

चालु आर्थिक वर्षको जलवायु परिवर्तन बजेट विनियोजन र समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका १६ जलवायु परिवर्तन तर्फ भएको बजेट विनियोजनका खर्चको अवस्था (रू. हजारमा)

| जलवायु संकेत | जलवायु परिवर्तन बजेट | विनियोजन | विनियोजन अनुपात | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रत्यक्ष लाभ | १६३४४६३७ | ४८.८२ | १२६४८४३.४१४ | ७.७४ |
| २ | अप्रत्यक्ष लाभ | ९९९९९९४ | २९.८७ | १६०९३४२ | १६.०९ |
| ३ | तटस्थ | ७१३१४१७ | २१.३ | ७८७९१७ | ११.०५ |
| जम्मा | | ३३४७६०४८ | १०० | .३६६२१०२ | १०.९४ |

## ३.१२. खर्च शीर्षकगत अवस्था

चालु आर्थिक वर्षमा शीर्षकगत आधारमा गरिएको विनियोजन रकम र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरणको सारांश निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका १७ खर्च शीर्षकगत विनियोजन र खर्चको सारांश

| माथिल्लो ख.शी.नं. | विनियोजन | विनियोजन अनुपात | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **चालु** | **१३६३५८४२** | **४०.७३%** | **२६५४४५१** | **१९.४७%** |
| २७२००-सामाजिक सहायता | २०५६३० | ०.६१% | ९०३४३ | ४३.९३% |
| २२४००-सेवा तथा परामर्श खर्च | ८३९१०६ | २.५१% | ३५२५५४ | ४२.०२% |
| २७१००-सामाजिक सुरक्षा | ८८४०० | ०.२६% | ३३०७२ | ३७.४१% |
| २२१००-सेवा महसुल | १४०३२३ | ०.४२% | ५०१३३ | ३५.७३% |
| २११००-पारिश्रमिक / सुविधा | २४७९४१७ | ७.४१% | ७८५४४३ | ३१.६८% |
| २२७००-विविध खर्च | १३२९६३ | ०.४०% | ३७७०५ | २८.३६% |
| २२३००-कार्यालय सामान तथा सेवाहरू | २०४८४२ | ०.६१% | ५२६९८ | २५.७३% |
| २२६००-अनुगमण भ्रमण | १५४२०८ | ०.४६% | ३६८९८ | २३.९३% |
| २२२००-पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च | ३३२९९३ | ०.९९% | ७९४२० | २३.८५% |
| २८१००-सम्पत्ति सम्वन्धी खर्च | १०३५०० | ०.३१% | २४२६१ | २३.४४% |
| २६३००-अन्य तहका सरकारहरूलाई अनुदान | ३४२७७०० | १०.२४% | ६४२६०७ | १८.७५% |
| २१२००-कर्मचारीको सामाजिक सुरक्षा खर्च | ३३२६१ | ०.१०% | ४५४० | १३.६५% |
| २२५००-कार्यक्रम सम्वन्धी खर्चहरू | ४७३७११४ | १४.१५% | ४५२५०९ | ९.५५% |
| २८२००-फिर्ता प्राप्ति | १०८०० | ०.०३% | ४५९ | ४.२५% |
| २६४००-सामाजिक सेवा अनुदान | ३९२९५० | १.१७% | ११८०९ | ३.०१% |
| २८९००-भैपरी आउने चालु खर्च | ३५०५६६ | १.०५% | ० | ०.००% |
| २५२००-व्यवसायहरुलाई पूँजीगत सहयता | २६९ | ०.००% | ० | ०.००% |
| २५३००-अन्य सहायता | ८०० | ०.००% | ० | ०.००% |
| २५१००-संस्थानहरुलाई पूँजीगत सहयता | १००० | ०.००% | ० | ०.००% |
| **पूँजीगत** | **१९८४०२०६** | **५९.२७%** | **१००७६४८** | **५.०८%** |
| ३११००-स्थिर सम्पत्ति प्राप्ति खर्च | १९६६४२०६ | ५८.७४% | १००७६२२ | ५.१२% |
| ३१४००-प्राकृतिक सम्पत्ति (Non-produced assets) | १६००० | ०.०५% | २६ | ०.१६% |
| ३२१००-आन्तरिक वित्तीय सम्पत्ति | १०००० | ०.०३% | ० | ०.००% |

| | | | | |
|---|---|---|---|---|
| ३१५००-भैपरी आउने पूँजीगत | १५०००० | ०.४५% | ० | ०.००% |

चालु आर्थिक वर्षको कुल विनियोजनको चालु तर्फको ४०.७३ प्रतिशत रहेको विनियोजन भार सबै भन्दा बढी रहेको खर्च शीर्षक २२५००-कार्यक्रम सम्वन्धी खर्चहरूमा १४.१५ प्रतिशत रहेको छ भने खर्च शीर्षक २६३००-अन्य तहका सरकारहरूलाई अनुदान तर्फ १०.२४ प्रतिशत विनियोजन रहेको देखिन्छ। यी शीर्षकहरुमा क्रमश खर्च ९.५५ प्रतिशत र १८.७५ रहेको छ। तुलनात्मक रुपले विनियोजन न्यून रहेता पनि उच्च खर्च प्रतिशत रहेका २७२००-सामाजिक सहायता तर्फ ४३.९३ प्रतिशत, २२४००-सेवा तथा परामर्श खर्च तर्फ ४२.०२ प्रतिशत, २७१००-सामाजिक सुरक्षा तर्फ ३७.४१ प्रतिशत, २२१००-सेवा महसुल तर्फ ३५.७३ प्रतिशत र २११००-पारिश्रमिक/सुविधा तर्फ ३१.६८ प्रतिशत रहेको देखिन्छ।

चालु आर्थिक वर्षमा पूँजीगत तर्फको कुल विनियोजन ५९.२७ प्रतिशत रहेकोमा ५८.७४ प्रतिशत खर्च शीर्षक ३११००-स्थिर सम्पत्ति प्राप्ति खर्च तर्फ विनियोजन रहेको देखिन्छ। समिक्षा अवधिमा जेन-जी आन्दोलन लगायतका कारणले गर्दा यस शीर्षकमा खर्च ५.१२ प्रतिशत मात्र हुन गएकोले प्रदेशको समग्र खर्च प्रभावित भएको देखिन्छ।

समिक्षा अवधिमा शीर्षकगत खर्चको विस्तृत विवरण अनुसूची – १ मा रहेको छ। पूँजीगत खर्च शीर्षक नं. ३११०० भित्रका खर्चशीर्षकहरुको विस्तृत खर्च हेर्दा गैर आवासीय भवन निर्माण/खरिद (३१११२) तर्फ ५.३३ प्रतिशत, सडक तथा पूल निर्माण (३११५१) तर्फ ९.८६ प्रतिशत, सिंचाई संरचना निर्माण (३११५५) तर्फ १.७४ प्रतिशत, खानेपानी संरचना निर्माण (३११५६) तर्फ २.३८ प्रतिशत, र अन्य सार्वजनिक निर्माण (३११५९) तर्फ १.१५ प्रतिशत मात्र खर्च भएको छ।

# परिच्छेद-४
# स्रोत व्यवस्थापन विश्लेषण

## ४.१. स्रोत व्यवस्थापन

चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि गरिने स्रोत व्यवस्थापनको वार्षिक लक्ष्य र पहिलो ६ महिनाको अवधिमा प्राप्त भएको स्रोतको अवस्थालाई निम्नानुसार देखाइएको छ।

| क्र.सं. | स्रोत | अनुमान | प्राप्ति | प्राप्ति प्रतिशत |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व | १६५०००० | ५९०९५८ | ३५.८२ |
| २ | राजस्व बाँडफाँट | ९८७२५०० | ४२२४४८५ | ४२.७९ |
| ३ | रोयल्टी | ८०००० | ३०९९ | ३.८७ |
| ४ | नगद मौज्दात | ७६६६३४८ | ३५४३४४२ | ४६.२२ |
| प्रदेश स्रोत जम्मा (क) | | १९२६८८४८ | ८३६१९८४ | ४३.४० |
| ५ | समानीकरण अनुदान | ८९२५६०० | २२३१४०० | २५.०० |
| ६ | ससर्त अनुदान | ४१६३००० | ० | ०.०० |
| ७ | विशेष अनुदान | ५१६००० | १२९००० | २५.०० |
| ८ | समपूरक अनुदान | ६०२६०० | ० | ०.०० |
| संघ अनुदान जम्मा (ख) | | १४२०७२०० | २३६०४०० | १६.६१ |
| कूल जम्मा (क)+(ख) | | ३३४७६०४८ | १०७२२३८४ | ३२.०३ |

तालिका १८ स्रोत अनुमान र यथार्त आयको अवस्था (रू. हजारमा)

चालु आथिक वर्षको स्रोत व्यवस्थापनका लागि प्रदेश सरकारको आन्तरिक राजस्व संकलन रू. १ अर्ब ६५ करोड, नेपाल सरकारबाट प्राप्त हुने अनुदान रू. १४ अर्ब २० करोड ७२ लाख, बाँडफाँट भई प्राप्त हुने राजस्व (मुल्य अभिबृद्धि कर र अन्तःशुल्क) वापत रू. ९ अर्ब ८७ करोड २५ लाख, रोयल्टी रू. ८ करोड र नगद मौज्दात रू. ७ अर्ब ६६ करोड ६३ लाख ४८ हजार वार्षिक लक्ष्य राखिएकोमा समीक्षा अवधिमा कुल रु. **१० अर्ब ७२ करोड २३ लाख ८४ हजार** प्राप्त भएको छ जुन वार्षिक लक्ष्यको ३२.०३ प्रतिशत हो। गत आर्थिक वर्षको सोही अवधिमा रू. १५ अर्ब ३७ करोड ०३ लाख ०७ हजार अर्थात वार्षिक लक्ष्यको ४८.५९ प्रतिशत स्रोत व्यवस्थापन भएको थियो।

## ४.२. प्रदेश सरकारको आन्तरिक राजस्व प्राप्तिको अवस्था

चालु आर्थिक वर्षको पहिलो ६ महिनामा प्राप्त शीर्षकगत राजस्वको अवस्था देहाएको तालिकामा देखाइएको छ।

| क्र.सं. | राजस्व शीर्षक | रकम |
|---|---|---|
| १ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | २२२९८१ |
| २ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | १ |
| ३ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापनकर | ३४२ |
| ४ | बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर | ८३८०७ |
| ५ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | ५१८ |
| ६ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १०७३ |
| ७ | कृषिउत्पादनको विक्रीबाट प्राप्त रकम | ३१५४ |
| ८ | सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | ४७ |

| क्र.सं. | राजस्व शीर्षक | रकम |
|---|---|---|
| ९ | अन्यविक्रीबाट प्राप्त रकम | १३२ |
| १० | अन्यसेवा शुल्क तथा विक्री | ० |
| ११ | शिक्षाक्षेत्रको आम्दानी | ५७ |
| १२ | परीक्षाशुल्क | ३०४ |
| १३ | यातायातक्षेत्रको आम्दानी | १६५१३ |
| १४ | अन्यप्रशासनिक सेवा शुल्क | १५६९४ |
| १५ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १९१९० |
| १६ | चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | १००९२० |
| १७ | वन क्षेत्रको अन्य आय | ६१७४८ |
| १८ | अन्य क्षेत्रको आय | ४० |
| १९ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ४५०४ |
| २० | धरौटी सदरस्याहा | ८ |
| २१ | बीमादावी प्राप्ति | ३४३०७ |
| २२ | अन्यराजस्व | ४ |
| २३ | बेरूजू | २५३३६ |
| २४ | अनुदान फिर्ता | २७५ |
| | कूल जम्मा | ५९०९५८ |

तालिका १९ शीर्षकगत राजस्व सङ्कलनको अवस्था (रू. हजारमा)

## ४.३. प्रदेश सरकारको आन्तरिक राजस्व प्राप्तिको लक्ष्यगत प्रवृत्ति

प्रदेश सरकारको ५ आर्थिक वर्षको अर्धवार्षिक अवधिको राजस्व प्राप्तिको अवस्था देहाय बमोजिमको तलिकामा देखाइएको छ।

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|
| वार्षिक लक्ष्य | १०८३०२१ | २०००००० | १५००००० | १६०७०१५ | १६५०००० |
| यथार्थ असुली | ७१२९३८ | ५८०३७७ | ५६६७४५ | ६३७२४५ | ५९०९५८ |
| असुली प्रतिशत | ६५.८३ | २९.०२ | ३७.७८ | ३९.६५ | ३५.८२ |

तालिका २० आन्तरिक राजस्वको लक्ष्य र असुलीको अवस्था (रू. हजारमा)

# परिच्छेद-५
# अन्तर सरकारी वित्तीय हस्तान्तरण

## ५.१. प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण

### ५.१.१. वित्तीय समानीकरण अनुदान

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ को दफा ६ को उपदफा (२) मा वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रत्येक आर्थिक वर्षको भाद्र १० गते, कार्तिक १० गते, माघ १० गते र बैशाख १० गते गरी चार किस्तामा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्ने व्यवस्था रहे बमोजिम प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा प्रदेश भित्रका सबै स्थानीय तहमा वित्तीय समानीकरण अनुदान वापत कूल रू. ९० करोड विनियोजन गरिएकोमा चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिसम्ममा रू. ४२ करोड ४१ लाख ८१ हजार हस्तान्तरण भइसकेको छ।

### ५.१.२. ससर्त अनुदान

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ को दफा ६ को उपदफा (४) बमोजिम हस्तान्तरण भएको ससर्त अनुदान प्राप्त भएको योजना वा कार्यक्रममा खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँसभा वा नगरसभाले पारित गरेको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय तहले साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमा पेश गरेपछि उपदफा (५) बमोजिम ससर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा संवत् २०८२ साल भाद्र २ गतेभित्र हस्तान्तरण गर्ने  र उपदफा (६) बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले उपदफा (५) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको ससर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम शोधभर्नाका रूपमा २०८२ सालको मंसिर २५ गते, चैत्र २५ गते र २०८३ सालको असार १० गतेभित्र हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ। सोहि व्यवस्था अनुसार चालु आर्थिक वर्षमा स्थानीय तहमा हस्तान्तरण हुने ससर्त अनुदानका लागि विनियोजन भएको रू. १ अर्व २ करोड ७७ लाखमध्ये पहिलो ६ महिनामा रू. १८ करोड २६ लाख ६० हजार निकासा भएको छ।

### ५.१.३. विशेष अनुदान

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८२ को दफा ६ को उपदफा (८) बमोजिम प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइले स्थानीय तहलाई विशेष अनुदान रकम हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको छ। चालु आर्थिक वर्षमा विशेष अनुदानतर्फ जम्मा रू. ५० करोड विनियोजन गरिएकोमा  प्रदेश विनियोजन ऐन, २०८१ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को व्यवस्था बमोजिम चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिसम्म रु. १ करोड ५ लाख ९५ हजार सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिएको छ।

### ५.१.४. समपूरक अनुदान

